**Steve Kamper**
Minister for Small Business
Minister for Lands and Property
Minister for Multiculturalism
Minister for Sport

# मिडिया विज्ञप्ति

# समुदायका समूहहरूले एनएसडब्ल्यूलाई एकसाथ बलियो बनाउन मद्दत गर्न $५००,००० भन्दा बढीको साझेदारी गर्नेछन्

*बुधवार, २५ सेप्टेम्बर २०२४*

बहुसांस्कृतिक र बहुधार्मिक सामुदायिक समूहहरूलाई आधारभूत चाडपर्व र कार्यक्रमहरूको आयोजना गर्न सहायता गरिनेछ, किनकि बहुसांस्कृतिक एनएसडब्ल्यूको स्ट्रङ्गर टुगेदर ग्रान्ट्स कार्यक्रम अब खुला छ।

यो अनुदान यस वर्ष एनएसडब्ल्यू सरकारले लगभग ८० सांस्कृतिक कार्यक्रमहरू र चाडपर्वहरूमा पहिले नै लगानी गरेको $५००,००० को अतिरिक्त हो।

योग्य सङ्गठनहरूले ५,००० देखि २०,००० सम्मको अनुदानको लागि आवेदन गर्न सक्छन् ताकि हाम्रो राज्यको जीवन्त सांस्कृतिक विविधतालाई मनाउने र अङ्गाल्ने उत्सवहरूको आयोजना गर्न सकियोस्।

हरेक वर्ष एनएसडब्ल्यू भरका सयौँ भू स्तरका गैर-नाफामूलक सङ्गठनहरूले आफ्नो सांस्कृतिक विरासतलाई मनाउन र समुदायसँग खाना, सङ्गीत र मनोरञ्जन साझा गर्न चाडपर्व र कार्यक्रम अनुदानको उपयोग गर्ने गर्छन्।

एनएसडब्ल्यू सरकारको तर्फबाट बहुसांस्कृतिक एनएसडब्ल्यूले अनुदानको प्रशासकीय कार्य गर्छ।

अनुदान आवेदनहरू शुक्रबार ११ अक्टोबर, साँझ ५ बजे बन्द हुनेछन् र ३ अक्टोबर, बिहान ११ बजे एक जानकारी सत्रको योजना गरिएको छ।

थप जानकारीको लागि वा आवेदन दिन, https://multicultural.nsw.gov.au/stronger-together-events-festivals/ मा हेर्नुहोस्।

**एनएसडब्ल्यूका बहुसांस्कृतिक मन्त्री स्टिभ क्याम्परले भन्नुभयो:**

"यी उत्सवहरू केवल सबैका लागि एनएसडब्ल्यूको समुदायहरूको जीवन्तता र समृद्धिलाई प्रदर्शित गर्नका लागि मात्र नभएर तिनीहरू हाम्रो राज्यको सफलताका लागि पनि महत्त्वपूर्ण छन्।"

"सांस्कृतिक विविधता एनएसडब्ल्यूमा हाम्रो पहिचान र जीवनशैलीको अमूल्य हिस्सा हो र यो हामीले हल्का रूपमा लिनु हुँदैन।"

"म एनएसडब्ल्यूमा सबै सामुदायिक कार्यक्रम आयोजकहरूलाई प्रोत्साहित गर्छु कि उनीहरूले २०२५ मा सामुदायिक सद्भावनालाई सहायता गर्ने चाडपर्वहरू र कार्यक्रमहरू आयोजना गर्नका लागि आवेदन गरून्!"

**मिडिया:** जोनाथन साइमन्स | **मन्त्री क्याम्पर** | ०४०७ ४८८ १५८